नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं

फोन ४२००३०९, ४२००२८१

पत्र संख्याः- ज. वि. २०७७/०७८

चलानी नं.:- ३६

मिति: २०७७/०४/१९

विषयः सूचना ।

प्रस्तुत विषयमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको पत्र संख्या PSTD/CIST/4 च.नं. २०/०७७-७८ मिति २०७७/०४/१३ को प्राप्त पत्रानुसार रा.प.द्वितिय श्रेणी अधिकृतहरुको क्षमता विकास गर्ने उद्देश्यका साथ प्रतिष्ठानले सञ्चालन गर्दै आएको Advanced Course on Management and Development (ACMD) आ.व.२०७७/७८ को पहिलो चौमासिक अवधिमा सञ्चालन हुने ३५ कार्यदिनको उक्त कार्यक्रममा भाग लिन कार्यरत पदमा न्यूनतम २ बर्ष सेवाअवधि पुगेका, हालसम्म ३० कार्यदिन वा सो भन्दा बढी कार्यदिनको सेवाकालिन तालिम नलिएका तथा तालिममा सहभागी हुन ईच्छुक यस मन्त्रालय, अन्तर्गतका निकाय र स्थानीय तहमा कार्यरत निजामती कर्मचारीहरुले तपशील बमोजिमको विवरण उल्लेख गरी र यसै सूचना साथ संलग्न प्रशिक्षार्थी मनोनयन फारम भरी यस मन्त्रालयको जनशक्ति योजना तथा विकास शाखामा मिति २०७७।०५।०१ गते भित्र आईपुग्ने गरी वा उक्त मिति भित्र शाखाको ई-मेल ठेगाना hrd.moga@gmail.com वा **hrd.section@nepal.gov.np** मा पठाउनुहुन सूचित गरिन्छ ।

तपशीलः

| नाम थर | संकेत नं. | पद | सेवा/समूह/ उपसमूह | हालको पदमा नियुक्ति मिति | हाल कार्यरत निकाय/कार्यालय | मोवाइल नं. | ईमेल ठेगाना |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

तालिम कार्यक्रमः तालिम कार्यक्रमः

| क.सं. | कार्यक्रम | मिति |
|---|---|---|
| १ | पहिलो कार्यक्रम | २०७७ भाद्र ८ गतेदेखि ३५ कार्यदिन |
| २ | दोस्रो कार्यक्रम | २०७७ भाद्र २२ गतेदेखि ३५ कार्यदिन |

राजन थापा
शाखा अधिकृत

बोधार्थः श्री सूचना तथा प्रविधि शाखा, सं.मा.त.सा.प्र.मः Website मा upload गरिदिनु हुन ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
Nepal Administrative Staff College
"...devoted to making differences positively."

आवश्यक कार्यार्थ

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.: ४४८
मिति: २०७७/४/१४

प.सं. PSTD/CIST/4
च.नं. 20/077-078

मितिः २०७७/०४/१३

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

**विषयः सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी मनोनयन**

नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरुको क्षमता विकास गर्ने उद्देश्यका साथ प्रतिष्ठानले संचालन गर्दै आएको Advanced Course on Management and Development (ACMD) आ.व. २०७७/७८ को भाद्र महिनादेखि तपसिल बमोजिमको समयतालिकामा संचालन हुने व्योहरा जानकारी गराउँदछु। अधिकृतहरुको मूलभूत सक्षमता (core competencies) मा आधारित यस तालिम कार्यक्रम COVID-19 को विशेष परिस्थितिका कारण अनलाइन मोडालिटीमा समेत संचालन हुनेगरी तय गरिएको व्यहोरा समेत अवगत गराउन चाहन्छु। उक्त तालिम कार्यक्रमको अनलाइन सेसनमा सहभागी हुनेगरी तहाँबाट २ वटा कार्यक्रमको लागि जम्मा ४ जना द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरुको मनोनयन सचिव/विशिष्ट श्रेणीको अधिकृतस्तरबाट गराई उल्लेखित समयतालिकामा तालिम लिन चाहेको मिति र सोको लागि मनोनित कर्मचारीहरुको नामावली मनोनयन फारम सहित मिति २०७७/०४/२८ गतेसम्म उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु। प्राप्त नामावली मध्येबाट प्रतिष्ठानले निम्नानुसार मनोनयन स्वीकृत गर्ने व्यहोरा अनुरोध छ।

| क्र.सं. | कार्यक्रम | मिति | जम्मा |
|---|---|---|---|
| १. | पहिलो कार्यक्रम संचालन हुने | २०७७ भाद्र ८ गतेदेखि ३५ कार्यदिन | २ जना |
| २. | दोस्रो कार्यक्रम संचालन हुने | २०७७ भाद्र २२ गतेदेखि ३५ कार्यदिन | २ जना |

**मनोनयनका आधारहरु र सम्बन्धीत व्यवस्थाः**

१. मनोनित कर्मचारीको हालको तह/श्रेणीमा २०७७ असार मसान्त सम्म न्युनतम २ वर्षको सेवा अवधि पूरा भएको हुनुपर्नेछ।
२. हालको तह/श्रेणीमा ३० कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिइसकेका कर्मचारीहरु मनोनयनका लागि योग्य हुने छैनन्।
३. एउटा समूह (तालिम कार्यक्रम) मा अधिकतम ३० जना अधिकृतहरु समावेश गरिनेछ।
४. मनोनयन गर्दा संलग्न तालिका बमोजिमको कुन समूहमा सहभागी हुने हो सो खुलाई पठाउनुपर्नेछ।
५. मनोनयनको स्वीकृति गर्दा द्विविधा भएमा ज्येष्ठतालाई आधार लिइनेछ।
६. तोकिएको मितिपछि प्राप्त हुन आएको मनोनयनमाथि कारवाही गरिनेछैन।
७. मनोनयन फारम प्रतिष्ठानको वेबसाइट www.nasc.org.np मा राखिएको छ। सम्बन्धित उम्मेद्वारले प्रतिष्ठानको वेबसाइटमा राखिएको Updates मेनु भित्र Downloadable Forms मा गएर Long Training Nomination Form लिंकमा क्लिक गरी मनोनयन फारम डाउनलोड गर्न सक्नेछन्।
८. वैकल्पिक उम्मेद्वारहरुको व्यवस्था रहेको छैन। तसर्थ, तोकिएको संख्या भन्दा बढी र वैकल्पिक भनी उल्लेख भएको मनोनयन माथि कारवाही गरिने छैन्।
९. मनोनयन स्वीकृतिको अधिकार प्रतिष्ठानमा रहनेछ। मनोनयन स्वीकृतिको जानकारी प्रतिष्ठानको सूचना पाटी तथा वेबसाइट www.nasc.org.np मा राखिनेछ।
१०. मनोनित कर्मचरीहरुको नामावली मनोनयन फारम सहित प्रतिष्ठानको इमेल acmd@nasc.org.np मा समेत पठाउन सकिनेछ।

जनशक्ति
सबैको जानकारीको लागि website मा सूचना राख्नें
४/१३

सम्पर्कः
शैलजा उपाध्याय
प्रशिक्षण तथा अनुसन्धान अधिकृत
मोबाइल - ९८५११९०७१५

........................
शितल मोक्तान तामाङ्ग
अध्ययन उप-निर्देशक
मोबाइल- ९८५१०२२६८३

*प्रशिक्षण व्यवस्थापन निर्देशिका, २०६५, को उप-दफा २.१६.४ संग सम्बन्धित* (अधिकृत स्तरको प्रशिक्षणको लागि)

अनुसूची-५

# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान

जावलाखेल, ललितपुर

## प्रशिक्षार्थी मनोनयन फाराम

१. कर्मचारीको व्यक्तिगत विवरण:

(क) नाम: मोवाइल नं: कर्मचारी संकेत नं:

(ख) जन्म मिति:

(ग) स्थायी ठेगाना:

(घ) शैक्षिक योग्यता (उच्चतम मात्र):

२. नोकरी विवरण:

(क) कार्यरत कार्यालयको नाम: (ख) शाखा/फांट:

(ग) ठेगाना: (घ) फो.नं.:

(ङ) मोवाइल नं. (च) फ्याक्स नं.: (छ) इमेल:

(ज) सेवा प्रवेश गरेको पद: (झ) नियुक्ति मिति:

(ञ) हालको पद: (ट) श्रेणी/तह:

(ठ) सेवा/समूह: (ड) हालको पदमा नियुक्ति वा बढुवा भएको मिति:

(ढ) आफूले गर्नु पर्ने प्रमुख कार्यहरू:

३. प्रशिक्षण सम्वन्धी विवरण:

(क) हालको श्रेणी/तहमा हुंदा पहिले कुनै प्रशिक्षण लिइसकेको भए:

- प्रशिक्षणको विषय/शीर्षक:
- प्रशिक्षणको अवधि:
- प्रशिक्षण दिने संस्था र मुलुक:

मनोनित कर्मचारीको सही:
मिति:

प्रशिक्षणको लागि सिफारिस गर्ने सचिव वा सो सरहको संगठन प्रमुखको:

सही:
नाम:
पद:
कार्यालय:
मिति:

कार्यालयको छाप